"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"

# सिरीजङ्घा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

ढुङ्गा,गिट्टी,रोडा तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलन कार्यको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८०।०६।१७

यस कार्यालयबाट चालु आ.व. ०८०/०८१ का लागि स्थानिय सरकार संचालन ऐन २०७४ र सिरीजङ्घा गाउँ कार्यपालिकाको स्थानीय राजश्व परामर्श समितिको मिति २०८०।०४।३२ को निर्णय बमोजिम सिरीजङ्घा गाउँपालिका क्षेत्र भित्र तपशिलका खोलामा स्वीकृत IEE प्रतिबेदन अनुसार ढुङ्गा,गिट्टी,रोडा तथा बालुवा बिक्री तथा निकासी शुल्क संकलनको कार्य ठेक्का बन्दोबस्तबाट गर्नु पर्ने भएको हुँदा सम्बन्धित निकायबाट ईजाजत प्राप्त गरी मुल्य अभिबृद्धी करमा दर्ता भएका ईच्छुक फर्म,कम्पनी वा व्याक्तीबाट यो सुचना प्रकाशित भएको मितिले १५ (पन्द्र) दिन भित्र कार्यालय समयमा तपशिलका सर्त बन्देजको अधिनमा रही बोलपत्र फारम यस क्रार्यालयबाट खरीद गर्न र सोह्रौं दिनको अपरान्ह १२:०० बजे सम्म शिलबन्दी बोलपत्र दर्ता गर्न हुन सम्न्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ । शुल्क असुली सम्बन्धी दररेटको विवरण तथा कर संकलन सम्बन्धी थप शर्तहरु बोलपत्र फारम साथ उपलब्ध गराईने छ ।बोलपत्र स्वीकृत वा बदर गर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा सुरक्षित रहने छ ।सुचनामा उल्लेख नभएका कुरा प्रचलित कानून बमोजिम हुनेछ । ठेक्का सम्बन्धी थप जानकारी यस कार्यालयको पुर्वाधार विकास शाखा तथा आर्थिक प्रशासन शाखामा कार्यालय समय भित्र सम्पर्क राखेर वा यस गाउँपालिकाको वेव पेज:www.sirijanghamun.gov.np बाट समेत लिन सकिनेछ ।

२०८०/०५/१६

नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner

स्वीकृत IEE प्रतिबेदन अनुसार नदीजन्य पदार्थको परिमाण र न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक)

| सि.नं. | सुचना नं./बोलपत्र नं | बोलपत्रको नाम | | उत्खन्न परिमाण(क्यू.फिट) | न्यूनतम बोलपत्र रकम (सेवा शुल्क र मु.अ.कर बाहेक) | १० प्रतिशत धरौटी रकम रु | बोलपत्र दस्तुर रु |
|---|---|---|---|---|---|---|---|
| १ | राजश्व नं | मामांखे काबेली खोला वडा नं ६ र ७ | बालुवा | १७३४०।९० | ८२३६९।४१ | ८२३७। | १०००। |
| | | | ढुङ्गा | ७२२५।३९ | ४३३५२।३२ | ४३३६। | १०००। |
| | | | गिट्टी | ४३३५।२३ | २६०११।३९ | २६०२। | १०००। |
| २ | | तावाखोला वडा नं ७ Block 1 | बालुवा | २७१०१।३० | १२८७३१।१० | १२८७४। | १०००। |
| | | | ढुङ्गा | ६२५४।१५ | ३७५२४।८७ | ३७५३। | १०००। |
| | | | गिट्टी | ८३३८।८६ | ५००३३।१६ | ५००४। | १०००। |
| ३ | | बाँकिटारतावाखोलावडा नं ७ | बालुवा | ३२२००।६० | १५२९५३।० | १५२९६। | १०००। |
| | | | ढुङ्गा | ६९००।१४ | ४१४००।८३ | ४१४१। | १०००। |
| | | | गिट्टी | ६९००।१४ | ४१४००।८३ | ४१४१। | |
| ४ | | हैराङ्गे दोभान वडा नं १ Block 1 | बालुवा | ४३७०१।९० | २०७५८४।२० | २०७६०। | १०००। |
| | | | ढुङ्गा | १४५६७।३ | ८७४०३।८८ | ८७४१। | १०००। |
| | | | गिट्टी | १४५६७।३ | ८७४०३।८८ | ८७४१। | |
| ५ | | हैराङ्गे दोभान वडा नं १ Block 2 | बालुवा | १९५४६७ | ९२८४६७।६ | ९२८४७। | १०००। |
| | | | ढुङ्गा | ३९०९३।४ | २३४५६०।२४ | २३४५७। | १०००। |
| | | | गिट्टी | २६०६२।२ | १५६३७३।४९ | १५६३८। | १०००। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | | पश्चमी गाउँ वडा नं १ Block 1 | बालुवा | १२५२१३ | ५९४७६२।७० | ५९४७७। | १०००। |
| | | | ढुङ्गा | ६१६०६।६ | ३७५६३९।६४ | ३७५६४। | १०००। |
| | | | गिट्टी | २०८६८।९० | १२५२१३।२१ | १२५२२। | १०००। |
| ७ | | पश्चमी गाउँ वडा नं १ Block 2 | बालुवा | १३६०७६ | ६४६३६१।९१ | ६४६३७। | १०००। |
| | | | ढुङ्गा | ४९४८२।३ | २९६८९३।५ | २९६९०। | १०००। |
| | | | गिट्टी | ६१८५२।८ | ३७१११६।८९ | ३७११२। | |
| ८ | | जोरपुल गाउँ वडा नं ४ | बालुवा | ७२९९५।५० | ३४६७२८।५५ | ३४६७३। | १०००। |
| | | | ढुङ्गा | २२४६०।१० | १३४७६०।९० | १३४७७। | १०००। |
| | | | गिट्टी | १६८४५।१० | १०१०७०।६७ | १०१०८। | १०००। |
| ९ | | पुलचोक गाउँ वडा नं २ | बालुवा | २७१९२।३० | १२९१६३।५२ | १२९१७। | १०००। |
| | | | ढुङ्गा | ० | ० | ० | |
| | | | गिट्टी | ० | ० | ० | |
| १० | | हपु खोला वडा नं २ | बालुवा | ३३९०।२१ | १६१०३।५० | १६११। | १०००। |
| | | | ढुङ्गा | ५६५०।३५ | ३३९०२।११ | ३३९१। | १०००। |
| | | | गिट्टी | २२६०।१४ | १३५६०।८४ | १३५७। | १०००। |
| जम्मा | | | | | ३२३३२२५।४९ | | १०००। |

"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"
# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

शर्तहरु:

१,बोलपत्र दर्ता गर्दा शिलबन्दी खामको बाहिरपट्टी नाम प्रस्ट बुझिने गरी लेख्नु पर्नेछ।

२,शिलबन्दी बोलपत्र फारम साथ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि, सम्वन्धित निकायमा फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि,मुल्य अभिबृद्धीकर सहितको PAN को प्रतिलिपि आफ्नो ठेगाना भएको स्थानिय तहमा ब्याबसाय दर्ता गरेको प्रमाण पत्र र आर्थिक बर्ष २०७९।०८० को आयकर चुक्ता प्रमाण पत्र समेत संलग्न राखी पेश गर्नु पर्नेछ।

३,धरौटी बापद आफुले कबोल गरेको अंकको दस १० प्रतिशत रकम यस कार्यालयको नामको श्री नेपाल बैंक लिमिटेड सिरीजङ्घा शाखाको खाता नं २०१०३०००००३००००००००१ मा नगद जम्मा गरी दोस्रो प्रति सक्कल भौचर पेश गर्नु पर्ने वा सोही रकम बराबरको क वर्गको बैंक द्धारा यस गाउँपालिकाको नाममा जारी गरिएको बोल पत्र फारम बुझाउने अन्तिम दिनबाट कम्तीमा ९० दिन सम्म मान्य अवधि भएको विडबण्ड पेश गर्नु पर्ने छ।

४,बोल पत्र पेश गर्दा कबोल रकम अंक र अक्षरमा प्रष्टसंग लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखीएकोलाई मान्यता दिईनेछ।

५,दर्ता भएको बोलपत्रहरु फिर्ता सम्बन्धी ब्याबस्था सार्वजनिक खरिद ऐन अनुसार नै हुनेछ।

६,यो सुचना बमोजिम पर्न आएका कुनै वा सबै बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस गाउँपालिकामा निहित रहने छ ।

७,कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन।

८,बोलपत्र स्वीकृत भई सोको जानकारी प्राप्त भएको ७ दिन भित्र सम्झौता गरिसक्नु पर्ने छ र उक्त अवधि भित्र सम्झौता गर्न नआएमा उक्त बोलपत्र दाताको धरौटी जफत गरी दोस्रो बढी रकम कबोल गर्नेलाई दिने प्रकृया नियमानुसार अगाडी बढाईनेछ।

९,ठेक्का स्वीकृत भए पछि सम्बन्धीत ठेकेदारले बुझाउनु पर्ने ठेक्का रकम कार्यालयमा दाखिला गर्दा १३ प्रतिशतले हुने मुल्य अभिबृद्धी कर समेत बुझाउनु पर्नेछ।

१०,यस ठेक्काको सन्दर्भमा कुनै पनि स्थानीय तह वा नेपाल सरकालाई कुनै पनि किसिमको कर दस्तुर शुल्क बझाउनु पर्ने भएमा सो बुझाउने दायित्व ठेकेदारकै हुनेछ।

११,ठेक्का सम्झौता भई सके पछि बिचमा कुनै कारण देखाई छोड्न पाईने छैन।

१२,ठेक्का स्वीकृत भए पछि एकमुष्ठ रकम बुझाउन चाहनेले मुल्य अभिबृद्धी कारको रकम सहित एकमुष्ठ बुझाउँदा कबोल अंकमा मुल्य अभिबृद्धी करको रकम घटाई बाँकी रकममा १० प्रतिशत छुट दिईनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत

www.sirijanghamun.gov.np | sirijangharuralmunicipality@gmail.com | 021-696493

१३,किस्ताबन्दीमा रकम बुझाउन चाहनेले स्वीकृत ठेक्का रकम बराबरको क वर्गको बैकबाट जारी भएको घटिमा १३ तेह महिनाको अवधि भएको परफरमेन्स बण्ड बुझाई ठेक्का रकम तीन किस्तामा बुझाउनु पर्नेछ। किस्ता रकम

बुझाउदा पहिलो किस्ता ३५ प्रतिशत दोस्रो किस्ता ३५ प्रतिशत र अन्तिम किस्ता ३० प्रतिशत रकम कायम गरिएकोछ। यसरी किस्ता बुझाउँदा पहिलो किस्ता सम्झौता गर्दाकै बखतमा,दोस्रो किस्ता पुष मसान्त भित्र र अन्तिम किस्ता चैत मसान्त भित्र बुझाउनु पर्नेछ।

१४,तोकिएको समयमा किस्ता रकम नबुझाएमा प्रचलित कनुन अनसार जरिवान गरिने र बैशाख मसान्त भित्रमा नबुझाएमा परफरमेन्स बण्डबाट असुल उपर गरिनेछ।

१५,ठेक्का साकार गर्ने ठेकेदारले गाउँपालिकाले तोकेको शुल्क उठाउँदा प्रयोग गर्ने रसिदहरु आफ्नै तर्फबाट छपाई गरी यस कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखेर मात्र प्रयोग गर्नु पर्नेछ। प्रमाणित नगरिएको रसिदबाट रकम उठाएको पाईएमा नियमानुसार कानुनी कारबाही गरिनेछ। साथै रसिदको नमुना कार्यालयबाट उपलब्ध गराईनेछ।

१६,सम्बन्धित कर संकलनका लागि गाउँपालिकाले तोकैको स्थानहरु वा नाका बाहेक अन्य स्थानबाट ढुङ्गा गिट्टी रोडा तथा बालुवा उत्खनन् गरी बिक्री गर्न वा त्यस्को शुल्क उठाउन पाईने छैन।

१७,तोकिएको नाका र परिमाण भन्दा वढी उत्खनन् गरी बिक्री गरेमा सोबाट हुने हानी नोक्सानी सबै ठेकेदारबाट भराईनेछ।

१८,राष्ट्रीय राजमार्ग सहायक वा अन्य सडकमा ढाट वा तगारो राखी कर संकलन गर्न पाईने छैन। राखेको पाईएमा नियमानुसार कारवाही गरिनेछ।

१९,बोलपत्र धरौटी वापत नगदै रकम जम्मा गरिएको भएमा उक्त रकम एकमुष्ठ बुझाउने रकममा समायोजन गर्न पाईने छैन। यस्तो रकम वा बोलपत्र जमानत ठेक्का अवधी समाप्त भएपछि आन्तरिक कार्यालयबाट कर समायोजन पत्र लिई पेश गरेपछि मात्र फिर्ता वा फुकुवा दिईनेछ।

२०,यस गाउँपालिका वा नेपाल सरकारको हित विपरित हुने कुनै काम गरेमा जुनसुकै बखत पनि ठेक्का तोडी अन्य ब्यबस्था गर्न सकिनेछ। यसरी ठेक्का तोडी अन्य ब्यबस्था गर्दा थप ब्ययभार वा क्षति ठेकेदार स्वयंमले ब्याहोर्नु पर्नेछ।

२१,तोकीएको शुल्क संकलन कार्य गर्दा ब्यबधान वा समस्या परेमा दुई पक्ष विच आपसी छलफलद्धारा समाधान गरिनेछ। छलफलबाट सहमति हुन नसकेमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ। उक्त निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ।

२२,बोलपत्र फारममा उल्लेख भए बाहेकका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

"सिरीजङ्घाको गौरव, कञ्चनजङ्घा"
# सिरीजङ्घा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
तेल्लोक, ताप्लेजुङ, प्रदेश नं. १, नेपाल ।

२३,बन्द हड्ताल तथा अन्य मानव सृजित कारणहरुबाट सृजना हुने अवरोधका कारण ठेक्का रकम छुट वा मिन्हा दिईने छैन।

२४,कुनै एक फर्मको नाममा खरिद गरेको बोलपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन।

२५,ढुङ्गा गिट्टि रोडा तथा बालुवा जसेता पदार्थहरु नदीबाट उत्खनन गर्दा प्रचलित कानुन तथा कार्यपालिका बैठकको निर्णय तथा निर्देशन पालना गर्नुका साथै नदीको प्राकृतिक वहावलाई असर नहुने गरि नदीको Channeling गरेर मात्र उत्खनन गर्नु पर्नेछ।

२६,ढुङ्गा गिट्टी मिक्स गिट्टी रोडा बालुवा तथा भरौट माटो आदि निकाल्दा अर्काको घर जग्गा कुलो बाँध बाटो आदि क्षति हुने गरि निकाल्न पाईने छैन।

२७,यस ठेक्काको अवधि सम्झौता भएको मिति देखी शुरु भई २०८१ जेष्ठ मसान्त सम्म मात्र कायम गरिएको छ।

२८,बोलपत्र फारम साथ पेश गर्ने कागजातहरु नोटरी पव्लिकबाट प्रमाणित भएको हुनुपर्नेछ।

२९,बोलपत्र फारममा कबोल गरेकोअंक वापतको रकम यस गाउँपालिकालाई बुझाउँदा चेक मार्फत कारोवार गर्न पाईने छैन।कार्यालयले उपलब्ध गराएको बैंक खातामा नगद जम्मा गरी सो को भौचार पेश गर्नु पर्नेछ।

३०,गत विगत बर्षमा यस गाउँपालिकालाई ठेक्का रकम तिर्न बाँकि वक्यौता रहेका फर्म वा कम्पनीले यो सुचना बमोजिमको ठेक्का प्रकृयामा भाग लिन पाउने छैन।

३१,पेश भएका शिलबन्दी बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २:०० वजे यसै कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।सो समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभए पनि बोलपत्र खोल्न वाधा पर्ने छैन।

३२,बोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा ती कामहरु क्रमश त्यास पछी कार्यालय खुलेको दिन हुनेछन्।

८०/०५/१५

(संजिव सिंह)
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत



CamScanner